# सिंचाई नीति

२०४९

श्री ५ को सरकार

जलस्रोत मंत्रालय

सिंहदरबार, काठमाण्डौं

# सिंचाई नीति २०४९

## १. पृष्ठभूमि

देशमा सिंचाई सेवाको विकास र विस्तारको लागि परापूर्व कालदेखि कृषकहरू आफैले र खास गरेर योजनावद्ध विकासको थालनी उप्रान्त श्री ५ को सरकारले लगानी गर्दै आएका छन् । योजनाबद्ध संस्थागत प्रयासका मुख्य उपलब्धिहरूमा (१) सिंचित क्षेत्रफलमा बृद्धी, (२) थप संरचना र पूर्वाधारहरूको निर्माण र (३) उपलव्ध दक्ष जनशक्तिमा अभिबृद्धिलाई लिन सकिन्छ । यता केही वर्षदेखि बढ्दो जनसंख्याले गर्दा खाद्यान्न आयात गर्न परिरहेको सन्दर्भमा, कृषि क्षेत्रको वाञ्छित विकासमा योगदान पुऱ्याउन सिंचाई विकास नीति र कार्यक्रमहरूलाई अझवढी प्रभावकारी बनाउँदै लैजानु पर्ने आवश्यकता प्रष्ट हुन्छ । देशमा प्रजातान्त्रिक राज्य व्यवस्थाको पुनर्स्थापना पछि आएको सरकारी प्रतिवद्धता, राष्ट्रिय योजना आयोगबाट निर्धारित विकासको दिशा, प्राथमिकता र विगतका प्रयासहरूवाट प्राप्त अनुभवहरूको आधारमा देशमा सिंचाई विकास कार्यक्रमहरू संचालन गर्न समयानुकूल राष्ट्रिय नीति आवश्यक भएको सन्दर्भमा श्री ५ को सरकारले यो नीति बनाई लागू गरेको छ । यस नीति सम्बन्धी आवश्यक कार्यविधि पनि श्री ५ को सरकार जलस्रोत मंत्रालयले बनाई लागू गर्नेछ ।

## २. सिंचाई नीतिका उद्देश्यहरू

२.१ प्राविधिक, आर्थिक, संस्थागत र वातावरणीय दृष्टिबाट धान्न सकिने र छोटो अवधिमानै बढी प्रतिफल दिने खालको सिंचाई विकास तथा विस्तार कार्यक्रमहरूमा लागत-प्रभावकारी रूपमा लगानी गरी कृषकको खेतमा आवश्यक समयमा आवश्यक मात्रामा पानी पुऱ्याइ कृषि उत्पादनमा बृद्धि गर्ने उद्देश्य लिई सिंचाई सेवाको विकास तथा विस्तार गर्ने ।

२.२ सिंचाईको विकास र विस्तार कार्यमा संलग्न सवै निकाय र संस्थाहरूको कार्यान्वियन प्रक्रियामा एकरूपता ल्याउने ।

२.३ सिंचाई विकास कार्यान्वयनका विभिन्न चरणहरूमा आयोजनाको प्रभावकारितामा प्रतिकूल असर नपर्ने गरी संगठित उपभोक्ताहरूको सहभागिता क्रमशः बढाउंदै लगी निर्माण, मरम्मत-संभार र संचालनमा सरकारी दायित्व घटाउंदै लैजाने ।

२.४ निजी क्षेत्रमा स्वशासित रहेर सिंचाई प्रणालीको निर्माण र व्यवस्थापन गर्ने नेपाली कृषकको परम्परालाई दिगो र व्यापक बनाउंदै लैजाने ।

२.५ सिंचाई विकासमा संलग्न सरकारी  गैर सरकारी निकायको कार्य क्षमतामा अभिबृद्धि गरी उपलब्ध सेवाको विश्वसनियता तथा प्रभावकारीता बढाउंदै लैजान संगठनात्मक ढांचा तथा व्यवस्थापन प्रणालीमा आवश्यक सुधार गर्दै जाने ।

२.६ सिंचाई प्रविधि तथा व्यवस्थापन विधिहरूमा विभागीय ईकाइहरूको अनुसन्धान क्षमता अभिबृद्धि गराउने ।

## ३. <u>सिंचाई विकासको लागि नीतिगत व्यवस्था</u>

यस नीति अनुसार संचालन हुने कार्यक्रमहरूको लागि सिंचाई प्रणालीहरूको वर्गिकरण दफा ३.२२ मा गरिए अनुसार र उपभोक्ताले व्यहोर्नु पर्ने न्यूनतम लागत अंश तालिका नं. १, २, ३ र ४ मा तोकिए बमोजिम हुने छ । उपभोक्ताले व्यहोर्नु पर्ने लागत अंश भौतिक रूपमा सिंचाई प्रणालीको निर्माण, नवीकरण वा सुधारको कूल लागत अनुमानको अंशको रूपमा नै उपयोग गरिनु पर्नेछ ।

३.१ सिंचाई विकास कार्यक्रममा सहभागी हुन सबैलाई समान अवसर प्राप्त हुन सकोस् भन्ने उद्देश्यले कार्यक्रम लागु गर्नु भन्दा अगावै सम्पूर्ण लक्षित समूह र सम्वन्धित निकायका कर्मचारीलाई कार्यक्रम सम्वन्धी आधारभूत जानकारी उपलब्ध गराउन आवश्यक तालिम, बैठक, भेला, कार्यशालागोष्ठी आदि संचालन गर्नुका साथै जन-संचारका माध्यमहरूको पनि प्रयोग गरिने छ ।

३.२ सिंचाई विकास कार्यक्रम कार्यान्वयन र संचालनमा निजी र गैर सरकारी क्षेत्रको सहभागिता अधिकतम गर्दै लैजान सिंचाईको क्षेत्रगत नीति पुनरावलोकन तथा विकास, श्रोत परिचालन एवं आर्थिक विश्लेषण र प्रविधि विकास जस्ता व्यापक राष्ट्रिय महत्वका विषयहरूमा क्रमशः सरकारी भूमिका केन्द्रित गर्दै लगिनेछ ।

३.३ सिंचाई प्रणालीको प्रभावकारी उपयोगको लागि आवश्यक वातावरणीय सन्तुलन कायम रहने गरी आयोजना कार्यान्वयन गरिने छ ।

३.४ नदी नियन्त्रणको कामको तर्जुमा र कार्यान्वयन कृषकहरूको माग र उनीहरूको सहभागिताको आधारमा गरिनेछ । यस्तो काम सिंचाई आयोजनासंग सम्वन्धित भएको हकमा मात्र गरिनेछ ।

३.५ ईन्धनका कम खर्चिला श्रोतहरू पहिल्याई यस्ता श्रोतहरूबाट संचालन हुनसक्ने सिंचाईका आधुनिक प्रविधिहरूको विकास र प्रवर्द्धनमा जोड दिइने छ ।

३.६ सिंचाई प्रणालीहरूमा उपभोक्ताको माग बमोजिम सघन कृषिको लागि आवश्यक कृषि सामग्री (Agri Input) पुऱ्याउने दायित्व कृषि विकास बैंक र कृषि विभाग र अन्य सम्वन्धित निकायहरूको हुनेछ । यी निकायहरूले सिंचाई उपभोक्ता संस्थाहरूको सक्रिय सहभागिताद्वारा आ-आफ्नो सेवाको प्रभावकारितामा व्यापक बृद्धि गर्नु पर्नेछ । यस कार्यमा सिंचाई प्रणालीका व्यवस्थापकहरूले सिंचाई उपभोक्ता संस्था तथा सेवा पुऱ्याउने संस्थाहरू विच उत्प्रेरकको भूमिका निर्वाह गर्नेछन् ।

३.७ हाल सरकारी स्तरमा संचालित सिंचाई आयोजनाहरू मध्ये पहाडमा ५०० हेक्टर र तराईमा २००० हेक्टर सम्म सिंचित क्षेत्र भएका सिंचाई आयोजनाहरू र संभाव्य भएमा सो भन्दा ठूला आयोजनाहरू समेत सिंचाई उपभोक्ता संस्थालाई क्रमशः हस्तान्तरण गर्दै लगिने छ । हस्तान्तरणको मुख्य उद्देश्य सिंचाई आयोजनाको संपादन-स्तर बृद्धि गर्नु हुनेछ र कृषकलाई कृषि उपजमा बृद्धि ल्याई प्रत्यक्ष फाइदा दिलाउनु हुनेछ ।

३.८ हस्तान्तरित सतह र भूमिगत सिंचाई प्रणालीहरूमा श्री ५ को सरकारले सिंचाई सेवा शुल्क (पानीपोत) असुल उपर गर्ने छैन । आफूले गर्नु पर्ने मर्मत, संभार र सुधार तथा संचालनको लागि सम्वन्धित सिंचाई उपभोक्ता संस्थाले सेवा शुल्क असुल गर्न सक्नेछ । यस्तो शुल्कको दर सिंचाई उपभोक्ता संस्थाले आवश्यकता अनुसार आफै निर्धारण गर्नेछ । संयुक्त व्यवस्थापन लागू भएको आयोजना/प्रणालीको हकमा श्री ५ को सरकारले तोके अनुसारको सिंचाइ सेवा शुल्क (पानी पोत) को बढीमा ५०% सम्म उपभोक्ताहरूलाई मिन्हा दिइने छ ।

३.९ श्री ५ को सरकारले सिंचाई सेवा शुल्क लगाउनु पर्दा सम्वन्धित सिंचाई प्रणालीमा सिंचाई उपभोक्ताहरूले व्यहोरिरहेको वा व्यहोर्ने भएको मर्मत-संभार र संचालन दायित्वलाई प्राथमिक महत्व दिई त्यस्तो सिंचाइ सेवा शुल्कको दर निर्धारण गर्नु पर्नेछ । सो गर्दा कृषकले पाउनु पर्ने सिंचाई सुविधा पनि एकिन गर्नु पर्नेछ ।

३.१० सिंचाई क्षेत्रको उचित र अधिकतम विकासको उद्देश्यलाई सर्वोपरि राखि प्रचलनमा रहेका साना, मझौला, ठूला, सतह र भूमिगत सिंचाईका आकार-प्रकारलाई प्राविधिक र व्यवस्थापकीय रूपमा समायोजन गरी सतह र भूमिगत श्रोतको समुचित उपयोग (conjunctive use) गर्दै लगिने छ ।

३.११ सिंचाई क्षेत्रमा संगठनको स्वरूपलाई कामको प्रकृतिको आधारमा विकेन्द्रित गरी हरेक तहको अधिकार र जवाफदेही स्पष्ट पारी विभिन्न तहहरू वीच 'नियन्त्रण एवं सन्तुलन' (check & balance) सुनिश्चित पारिने छ ।

३.१२ कार्यक्रम कार्यान्वयन प्रक्रियामा संलग्न सबै तहका कर्मचारी र कार्यालयको काम स्पष्ट तोकिने छ । हरेक तहमा संगठनात्मक इकाइले गर्ने सर्भे, योजना-डिजाइन, निर्माण, मर्मत-संभार, संचालन, सूचना संकलन एवं अन्य कुनै कार्यक्रम कार्यान्वयनका लागि कामको आधारमा स्पष्ट

रूपमा बजेट व्यवस्था गरिनेछ । मर्मत संभार कार्य उपयुक्त 'संपादन स्तर' प्राप्तिको लक्ष्य राखि गरिनेछ ।

३.१३ जलस्रोत उपयोगको विकासको सम्वन्धमा प्रचलित कानूनको परिधि भित्र रही जलश्रोत सम्वन्धमा अधिकार र कर्तव्यको खिचोला नपर्ने किसिमले आयोजनाहरू संचालन गरीनेछन् ।

३.१४ संगठनात्मक स्वरूप र जनशक्तिलाई सिंचित हुने क्षेत्र, सिंचाई विकासका नीति र कार्यक्रमहरूमा आधारित गरिने छ ।

३.१५ कार्यक्रम कार्यान्वियनको लागि आवश्यक लगानीको अधिकतम अंश व्यहोर्न सक्षम र इच्छुक सिंचाई उपभोक्ता संस्थालाई प्राथमिकता दिई कार्यक्रम सम्पादन गरिने छ ।

३.१६ दैवी प्रकोप वा ठूलो समस्या परेमा बाहेक यस नीति अन्तर्गत एक पटक श्री ५ को सरकारको सहायता अनुदान पाईसकेका उपभोक्ताहरूले अर्को अनुदान-सहायता माग गर्न साधारणतया ५ वर्षको अन्तराल आवश्यक हुनेछ ।

३.१७ श्री ५ को सरकारको प्राथमिकता र नीति प्रतिविम्वित हुने गरी सिंचाई विभागले आयोजना छनौटको लागि वस्तुगत आधार सूची तयार पारी क्षेत्रीय सिंचाई निर्देशनालयलाई उपलब्ध गराउने छ । क्षेत्रीय सिंचाई निर्देशनालयले आफ्नो क्षेत्र भित्रको विकास सम्भावना प्रतिविम्वित हुने गरी थप वस्तुगत आधार र तीनको भार तोकी जिल्ला सिंचाई कार्यालयलाई उपलब्ध गराउने छ । यसरी तयार भएको आधार सूचीमा जिल्ला सिंचाई कार्यालयले आवश्यक ठानेमा आफ्नो जिल्लाको विकास सम्भावना र अडचन विचार गरी थप छनौट आधार तयार पारी क्षेत्रीय सिंचाई निर्देशनालयको सहमतिमा आयोजना छनौट गर्न सक्नेछ । यसरी छनौट भइ आएका आयोजनालाई कार्यान्वियनका लागि अघि वढाउन जिल्ला तहमा सिंचाई विभाग, कृषि विभाग, कृषि विकास बैंक र २ जना सिंचाई उपभोक्ता प्रतिनिधिहरू समेत रहेको जिल्ला स्तरीय सम्भाव्यता अध्ययन

समिति (एप्राइजल कमिटी) रहनेछ । रू. २० लाख भन्दा बढी लागत पर्ने आयोजनाहरूको हकमा जिल्ला स्तरीय सम्भाव्यता अध्ययन समितिबाट कार्यान्वयनका लागि सिफारिस भई आएका आयोजनाहरू स्वीकृत गर्न क्षेत्रीय स्तरमा सिंचाई विभाग, कृषि विभाग, कृषि विकास बैंक र २ जना सिंचाई उपभोक्ता प्रतिनिधिहरू समेत रहेको क्षेत्रीय समन्वय समितिको व्यवस्था गरिने छ ।

३.१८ कार्यक्रम कार्यान्वयनका हरेक तहमा आवश्यकता अनुसार अद्यावधिक सूचना प्रणाली कायम गरि अनुगमन, मूल्यांकन (Monitoring and Evaluation) व्यवस्थालाई संस्थागत गर्दै लगिने छ । आयोजना कार्यान्वयनको मूख्य आधार प्रति हेक्टर लागत हुनेछ । प्रति हेक्टर लागतको निर्धारण श्री ५ को सरकारले समय समयमा तोके वमोजिम हुने छ ।

३.१९ देशको विकास कार्यक्रम संचालनबाट प्राप्त अनुभवको आधारमा देश भित्रै दक्ष जनशक्ति तयार पार्ने लक्ष्य प्राप्तिका लागि विश्वविद्यालयको सम्वन्धित निकायसंग सम्वन्ध राखी पाठ्यक्रम विकास गर्दै लगिने छ ।

३.२० सिंचाई क्षेत्रमा कार्यरत जनशक्तिको ज्ञान र सीपको विकास क्रमलाई निरन्तरता प्रदान गर्न विभागीय ईकाईको तालिम तथा अनुसन्धान गर्ने क्षमताको अभिबृद्धि गराईने छ । यस कार्यको लागि सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू संग सम्वन्ध राखिने छ । विभागीय कार्य प्रणाली, कार्य दक्षता र नयां अनुसन्धानात्मक खोजीको विकास गर्न वार्षिक कार्यक्रममा केन्द्र, सवै क्षेत्रीय निर्देशनालयहरू, जिल्ला सिंचाई कार्यालयहरू र आयोजनाहरूमा तालिम र अनुसन्धान कार्यक्रम समावेस गरिने छ ।

३.२१ सिंचाई विकास र व्यवस्थापनसित सम्वन्धित निश्चित काम र समयको लागि मात्र अत्यावश्यक क्षेत्र किटान गरी स्वदेशी वा विदेशी सल्लाहकारको उपयोग गरिने छ । त्यस्तो सल्लाहकारको सेवाको अर्ध

वार्षिक पुनरावलोकन र मूल्यांकन गरिने छ र यथासक्य स्वदेशी संस्थाको प्राविधिक सल्लाह सेवा वढी उपयोग गरिने छ । विदेशी सल्लाहकार सेवा नलिइ नहुने अवस्थामा पनि अनिवार्य रूपमा बढी भन्दा बढी स्वदेशी सल्लाहकार सेवा पनि समावेश गरिने छ । कुनै प्राविधिक सल्लाहकार सेवा लिंइदा सम्वन्धित सहकर्मी (Counterpart) कर्मचारीलाई दिइनु पर्ने प्रोत्साहन र यिनमा हुनु पर्ने ज्ञान हस्तान्तरण समेतलाई विशेष ध्यान दिई सम्वन्धित सल्लाहकार सेवाको करारमा आवश्यक शर्तहरू राखिनेछन् । ठेकेदारबाट गराउनु पर्ने निर्माणका कार्यहरूमा स्वदेशी ठेकेदारहरूलाई प्राथमिकता दिइनेछ । अन्तर्राष्ट्रिय ठेक्का पट्टा (International Competitive Bidding) गर्नु पर्ने भएमा यथा संभव स्थानीय ठेकेदारलाई समेत सहभागी (Joint venture) को रूपमा सरिक गराउनु पर्ने व्यवस्था गरिने छ ।

३.२२ यस नीति अनुरूप संचालन हुने कार्यक्रमहरूको लागि सिंचाई प्रणालीहरूको वर्गिकरण निम्न बमोजिम गरिएको छः-

(क) सिंचाई उपभोक्ताद्वारा संचालित वा भविष्यमा संचालन हुने सिंचाई प्रणाली ।

(ख) सिंचाई उपभोक्ता संस्थालाई हस्तान्तरण गरिने सरकारी सिंचाई प्रणाली ।

(ग) सरकारी र सिंचाई उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा रहने सिंचाई प्रणाली वा राष्ट्रिय आवश्यकता अनुसार वहुउद्देश्यीय आयोजना/प्रणालीहरू अन्तरगतको सिंचाई उप-प्रणाली ।

(घ) व्यक्तिगत सिंचाई प्रणालीहरू ।

३.२३ सिंचाई प्रणालीको स्वरूप र विस्तारको आधारमा सिंचाई उपभोक्ता संस्थाको ढांचा हुनेछ । उपभोक्ता संस्थालाई कानूनी मान्यता प्रदान गरिनुका साथै उनीहरूलाई बढी स्वावलम्वी र सुदृढ बनाउंदै लगिने छ । सिंचाई

उपभोक्ता संस्थाको सवै कार्यकारिणी अंगमा कम्तिमा २० प्रतिशत महिला उपभोक्ता हुनु पर्ने तर्फ आवश्यक जोड दिइनेछ ।

३.२४ आयोजनाको निर्माण, कार्यान्वयन, संचालन वा व्यवस्थापन सम्वन्धमा पारदर्शनीयता अपनाई सम्वन्धित सिंचाई कार्यालय र सिंचाई उपभोक्ता संस्थाको काम, कर्तव्य र अधिकार स्पष्ट हुने गरी सिंचाई उपभोक्ता संस्थासंग औपचारिक रूपमा सम्झौता गरेपछि मात्र श्री ५ को सरकारले आयोजनामा लगानी गर्नेछ ।

३.२५ सिंचाई प्रणालीको विकास गर्न सरकार र सिंचाई उपभोक्ता संस्था वीचको सम्झौता अनुरूप प्राथमिकताको आधारमा कार्य सम्पन्न गरिनेछ । कार्यक्रम कार्यान्वयन गर्दा सिंचाई उपभोक्ता संस्थासंग भएको सम्झौतालाई श्रोत परिचालनको आधार मानिने छ ।

३.२६ सम्झौता अनुरूप श्री ५ को सरकारले आफ्नो जिम्मेवारी पूरा गर्न नसकेर उपभोक्तालाई नोक्सान पर्न गएमा उपभोक्ता संस्थाले क्षतिपूर्तिको माग गर्न सक्नेछ र यस विषयमा आफ्नो हक र अधिकारको लागि सिंचाई उपभोक्ता संस्थाले प्रचलित कानून अनुसार काम गर्न सक्नेछ ।

३.२७ अन्तत्वोगत्वा उपभोक्ता समितिलेनै संपूर्ण रूपमा मरमत संभार तथा संचालन गर्ने कुनै पनि आयोजनाको अनुमानित लागतको ०.५ प्रतिशत ले हुन आउने रकम जमानत वापत सिंचाई उपभोक्ता संस्थाले सम्वन्धित सिंचाई कार्यालय र उपभोक्ता संस्थाको संयुक्त खातामा जम्मा गर्नु पर्नेछ । यसरी संकलित रकम र सो को व्याज सिंचाई आयोजनाको निर्माण सुधार पूरा भएपछि सो सिंचाई प्रणालीको संचालन, मर्मत वा नवीकरण गर्ने उद्देश्यको लागिं उपभोक्ता संस्थाले प्रयोग गर्न सक्नेछ । यस्तो जमानत रकम तालिका नं. १, २, ३, ४ मा उल्लेख गरे बमोजिम कूल लागतको उपभोक्ताले वेहोर्नु पर्ने अंश भित्र समावेश भएको मानिनेछैन ।

३.२८ उपभोक्ता संस्थाले सम्झौता अनुरूप गर्नुपर्ने काम मनासिव समयमा पूरा नगरेमा श्री ५ को सरकारले लगानी स्थगित गरी उपभोक्ता संस्थाले जम्मा गरेको रकम समेत रोक्का गर्नेछ ।

३.२९ <u>सिंचाई उपभोक्ता द्वारा संचालित सिंचाई प्रणालीको व्यवस्था</u> ।

३.२९.१ यस कार्यक्रम अन्तर्गत सामूहिक रूपमा उपभोक्ताको स्वामित्वमा रहेको वा रहने आयोजनाहरू पर्नेछन् ।

३.२९.२ सिंचाई उपभोक्ताद्वारा संचालित सिंचाई प्रणालीको हकमा वहुसंख्यक कृषकहरूको मांगको आधारमा मात्र कार्यक्रम लागु गरिने छ । यस्ता आयोजनाहरूको कार्यान्वयनमा शुरू देखि नै संगठित उपभोक्ताहरूको पूर्ण सहभागिता रहने छ र उपभोक्ता संस्थासंग सम्झौता अनुरूप काम सकिएपछि प्रणाली संचालन र व्यवस्थापनको पूर्ण दायित्व उपभोक्ता संस्थामा रहने छ ।

३.२९.३ उपभोक्ताहरू द्वारा संचालित सिंचाई प्रणालीहरूमा संस्थागत सुधार गरी कृषि उत्पादनमा बृद्धि गराउन सकिन्छ भने त्यस्ता सिंचाई प्रणालीहरूलाई सुधार गर्न बढी प्राथमिकता दिइनेछ ।

३.२९.४ यस कार्यक्रम अन्तर्गत उपभोक्ताहरूले निर्माण लागतको व्यहोर्नु पर्ने न्यूनतम अंश निम्न बमोजिम हुनेछ ।

तालिका नं. १

कुल लागतको उपभोक्ताहरूले व्यहोर्नु पर्ने न्युनतम प्रतिशत अंश

| सतह सिंचाई र भूमिगत (डिप ट्यूववेल) सिंचाइ | | | | सामूहिक स्यालो ट्यूववेल | | | |
|---|---|---|---|---|---|---|---|
| सुदृढीकरण | | नयां निर्माण | | सुदृढीकरण | | नयां निर्माण | |
| उपभोक्ता | श्री ५ को सरकार | उपभोक्ता | श्री ५ को सरकार | उपभोक्ता | श्री ५ को सरकार | उपभोक्ता | श्री ५ को सरकार |
| श्रम वा नगद वा दुवै | | श्रम वा नगद वा दुवै | | श्रम वा नगद वा दुवै | | श्रम वा नगद वा दुवै | |
| १५ | ८५ | १० | ९० | २० | ८० | १५ | ८५ |

* स्यालो ट्यूववेलमा सम्प निर्माण गर्नु परेमा श्री ५ को सरकारले खर्च व्यहोर्नेछ ।

३.२९.५ यस्तो आयोजना निर्माण, नवीकरण र सुधारकालागि आवश्यक पर्ने सम्पूर्ण जमिन उपभोक्ताहरूले निशुल्क उपलब्ध गराउनु पर्ने छ ।

३.३० उपभोक्ता संस्थालाई सिंचाई प्रणाली हस्तान्तरण गर्ने व्यवस्था ।

३.३०.१ हाल सरकारी स्तरमा संचालित तर सिंचाई उपभोक्ता संस्थाहरूलाई हस्तान्तरण गरिने सिंचाई आयोजनाहरूमा उपभोक्ता संस्थाको गठन तथा सुदृढीकरणको कार्यक्रम तयार गरी सिंचाई प्रणालीको संचालन र मर्मत-संभार उपभोक्ता संस्थालेनै गर्ने गरी उपभोक्ता संस्थाको सहमति एवम् सहभागिताको आधारमा नवीकरण एवं सुधार सम्वन्धी कार्यहरू गरिने छन् ।

३.३०.२ श्री ५ को सरकारले उपभोक्ता संस्थालाई पूर्णतया हस्तान्तरण गर्न पहिचान गरेका आयोजनाहरूमा उपभोक्ता संस्थाले कार्यक्रम कार्यान्वयनमा सहभागी हुन नचाहेको खण्डमा त्यस्ता

आयोजनाहरूमा श्री ५ को सरकारले मर्मत-संभार तथा संचालनको काम बन्द गर्ने छ ।

३.३०.३ हस्तान्तरित सिंचाई प्रणाली र ततुसम्वन्धी संरचनाको पूर्ण स्वामित्व श्री ५ को सरकारमा दर्ता भएको सिंचाई उपभोक्ता संस्थाको हुनेछ । हस्तान्तरण पछि सिंचाई प्रणालीको मर्मत संभार तथा संचालनको सम्पूर्ण अभिभारा सिंचाई उपभोक्ता संस्थाको हुनेछ ।

३.३०.४ सिंचाई प्रणाली हस्तान्तरण गर्दा सिंचाई सुविधा र सम्वद्ध संरचनाहरूको उचित विकास र उपयोगको लागि सम्वद्ध सरकारी निकायले सिंचाई उपभोक्ता संस्थासंग आवश्यक संझौता गर्न सक्नेछ ।

३.३०.५ यस कार्यक्रम अन्तर्गत उपभोक्ताहरूले नवीकरण या सुधार लागतको व्यहोर्नु पर्ने न्यूनतम अंश सतह सिंचाई र भूमिगत जलस्रोत सिंचाई अन्तर्गत सवै प्रकारका ट्यूववेलहरूमा निम्न वमोजिम हुनेछः-

तालिका नं. २.

कूल लागतको उपभोक्ताहरूले व्यहोर्नु पर्ने न्यूनतम प्रतिशत अंश

| | उपभोक्ता<br>श्रम वा नगद वा दुवै | श्री ५ को सरकार |
|---|---|---|
| (क) सतह सिंचाई | ५ | ९५ |
| (ख) भूमिगत जलस्रोत सिंचाई | ५ | ९५ |

३.३०.६ यस कार्यक्रम अन्तर्गत नवीकरण एवं सुधारको लागि आवश्यक जमिन सिंचाई उपभोक्ता संस्थाले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

३.३१ <u>सरकारी र सिंचाई उपभोक्ता संस्थाको संयुक्त व्यवस्थापनमा रहने सिंचाई प्रणाली वा बहुउद्देश्यीय आयोजना अन्तर्गतको सिंचाई उप-प्रणाली सम्बन्धी व्यवस्था:-</u>

३.३१.१ सिंचाई उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न नसकिने साधारणतया पहाडमा ५०० हेक्टर र तराईमा २००० हेक्टर भन्दा ठूला सिंचाई आयोजनाहरूको संचालन, मर्मत संभार तथा व्यवस्थापन सम्बन्धी कामहरू सम्बन्धित सिंचाई कार्यालय र उपभोक्ता संस्थाहरूबाट संयुक्त रूपमा गराइनेछ । यस्ता आयोजनाहरूमा व्यवस्थापनको प्रष्ट उद्देश्य किटान गरी संपादन स्तरमा प्रत्यक्ष फाइदा हासिल गरिनेछ ।

३.३१.२ उपभोक्ता संस्थाले संचालन व्यवस्थापन गर्ने सिंचाई खण्ड वा चक्लाहरूमा रहेको सिंचाई संरचनाहरूको दायित्व उपभोक्ता संस्थामा रहनेछ र यस्ता उपभोक्ता संस्थालाई आफ्नो सिंचाई खण्ड वा चक्ला भित्र पानीको वितरण एवं व्यवस्थापनको लागि स्वायत्तता हुनेछ । उपभोक्ताको सामूहिक चाहना अनुरूप सम्पूर्ण आयोजनाको एउटै उपभोक्ता संस्था वा बेग्ला बेग्लै तह र क्षेत्रको लागि छुट्टा छुट्टै स्वायत्त कानूनी संस्थाको व्यवस्था हुन सक्नेछ तर यस्तो छुट्टा छुट्टै स्वायत्तता कायम भएको संस्थाहरू भएमा आयोजना तहमा त्यस्ता संस्थाहरूको एउटा समन्वय समिति हुनेछ ।

३.३१.३ यस्ता आयोजनाहरूमा संयुक्त व्यवस्थापन प्रणाली लागु गर्न आयोजना क्षेत्रलाई स्थलरूप (Topography) सिंचाई निम्ति

पानी आपूर्तिको परिमाण र नहर प्रणालीहरूको रूपरेखाको आधारमा खण्ड वा विभिन्न चक्लाहरूमा विभाजन गरिनेछ ।

३.३१.४ क्रमशः सिंचाई उपभोक्ता संस्थाले नै प्रणालीको वढी व्यवस्थापन दायित्व लिन सक्ने गरी शुरूमा यस्ता उपभोक्ता संस्थाले संचालन गर्नु पर्ने सिंचाई प्रणालीका खण्ड वा चक्लाहरू भन्दा माथिल्लो भागको सिंचाई खण्ड तथा सिंचाई प्रणालीको निर्माण र व्यवस्थापनको जिम्मेवारी सम्वन्धित सिंचाई कार्यालयको हुनेछ ।

३.३१.५ यस कार्यक्रम अन्तर्गत उपभोक्ताहरूले आफ्नो चक्ला वा खण्ड भित्र लाग्ने कूल लागतको व्यहोर्नु पर्ने न्यूनतम अंश निम्न बमोजिम हुनेछ । तराई क्षेत्रमा २५ हेक्टर भन्दा कमको सिंचित क्षेत्रमा नहर नहरी निर्माण कार्य कृषकलेनै वनाउनु पर्नेछ ।

तालिका नं. ३

कूल लागतको उपभोक्ताहरूले व्यहोर्नु पर्ने न्यूनतम प्रतिशत अंश

| सुदृढीकरण | | नयां निर्माण | |
|---|---|---|---|
| उपभोक्ता | श्री ५ को सरकार | उपभोक्ता | श्री ५ को सरकार |
| श्रम वा नगद वा दुवै | | श्रम वा नगद वा दुवै | |
| १० | ९० | ७ | ९३ |

३.३१.६ उपभोक्ताहरूले चक्ला वा खण्ड भित्र आवश्यक पर्ने जमिन सिंचाई उपभोक्ता संस्थालाई निर्माण कार्यको लागि निःशुल्क उपलव्ध गराउनु पर्नेछ ।

३.३२ व्यक्तिगत सिंचाई प्रणालीहरू सम्वन्धी व्यवस्था ।

३.३२.१ कुनै पनि प्रविधि उपयोग गरी तराईमा २५ हेक्टर र पहाडमा १० हेक्टर भन्दा कम सिंचित क्षेत्र भएको छुट्टा छुट्टै रूपमा रहेको वा रहने सिंचाई प्रणालीलाई व्यक्तिगत व्यवस्थापन अन्तर्गतको सिंचाई प्रणाली भनेर परिभाषित गरिनेछ ।

३.३२.२ व्यक्तिगत व्यवस्थापनमा रहने सिंचाई प्रणालीहरूको विकास र प्रवर्द्धनका लागि बैंकिंग एवं गैरसरकारी क्षेत्रमा रहेका निजी र सार्वजनिक संस्थाहरूले योजना र कार्यक्रम कार्यान्वयन गर्ने छन् । यस्ता आयोजनाहरू संचालन गर्दा थप पारिवारिक आय बृद्धि हुने र प्रत्यक्ष फाइदा देखिने गरी संचालन गरिनेछ । उपदफा ३.३२.१ र यस उपदफामा लेखिएको कुराले तराईमा २५ हेक्टर र पहाडमा १० हेक्टर भन्दा बढी क्षेत्र भएका ठाउंमा पनि सिंचाई प्रणालीको विकास र प्रवर्द्धन गर्नका लागि बैंकिंग एवं गैर सरकारी तथा सार्वजनिक संस्थाहरूलाई वाधा पुऱ्याउने छैन ।

३.३२.३ यस कार्यक्रम अन्तर्गत कूल लगानी लागतको उपभोक्ताहरूले व्यहोर्नु पर्ने न्यूनतम अंश निम्न वमोजिम हुनेछ ।

**तालिका नं. ४**

**कूल लागतको उपभोक्ताहरूको व्यहोर्नु पर्ने न्यूनतम प्रतिशत अंश**

| सिंचाई प्रबिधि | कूल लागतको प्रतिशत | |
|---|---|---|
| | श्री ५ को सरकार गैर सरकारी संस्था र सार्वजनिक संस्था | उपभोक्ता श्रम वा नगद वा दुवै |
| १. भूमिगत सिंचाई तर्फ (स्यालो ट्यूववेल) | | |
| व्यक्तिगत | ४० | ६० |
| सामुहिक | ७५ | २५ |
| २. स्प्रिंकलर सिंचाइ/ड्रिप सिंचाइ | ६० | ४० |
| ३. लिफ्ट सिंचाइ | | |
| क) पम्पसेट लिफ्ट | ४० | ६० |
| ख) टर्वाईन लिफ्ट/सोलार पम्प | ७५ | २५ |
| ग) हाइड्र-याम | ६० | ४० |
| ४. सतह सिंचाई | ६० | ४० |

३.३३ यस नीतिलाई हरेक ३र३ वर्षमा पुनरावलोकन गरिनेछ । सिचाई नीतिको पुनरावलोकन सिंचाई विभागका महानिर्देशकको अध्यक्षतामा रहेको उपमहानिर्देशक सिंचाई व्यवस्थापन तथा जलउपयोग महाशाखा, क्षेत्रीय निर्देशकहरू, प्रणाली कार्यालय र तालिम तथा अनुसन्धान शाखाका

प्रमुखहरू, राष्ट्रिय योजना आयोग, कृषि विभाग, वन विभाग, कृषि विकास बैंकका प्रतिनिधि र सम्वन्धित क्षेत्रका विशेषज्ञ समेत रहेको कार्यदलले गर्नेछ । कार्यदलको गठन सिंचाई विभागका महानिर्देशकले गर्नेछ । कार्यदल गठन भएको एक महिना भित्र नीतिको पुनरावलोकन गरी यसमा संशोधनको लागि कार्यदलको आवश्यक सिफारिस सहित महानिर्देशकले जलस्रोत मन्त्रालयमा प्रतिवेदन पेश गर्नेछ ।

३.३४ नेपाल अधिराज्यमा आन्तरिक वा वैदेशिक स्रोतबाट सम्पन्न हुने सिंचाई विकासको कार्यक्रम यो नीति अनुरूप मात्र संचालन गरिनेछ । यो सिंचाई नीति लागु हुंदा चालुरहेका वैदेशिक स्रोतबाट संचालित सिंचाई विकास कार्यक्रममा उल्लेख भएका कार्य विधिहरूलाई पनि क्रमशः यस सिंचाई नीति अन्तर्गतनै पारी कार्यान्वयन गरिनेछ ।